नागरिक लगानी कोषको प्रकाशन
द.नं.जि.का. ४८/०६६/०६७

# लगानी कोष समाचार

नेपालको समृद्धिको सहयात्री
CIT Newsletter

वर्ष १६ | अंक २७ | २०८१ माघ

## नागरिक लगानी कोषको ३० औं साधारणसभा सम्पन्न

### १३ प्रतिशत बोनस र लाभांश दिने प्रस्ताव पारित




काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोषको ३० औं वार्षिक साधारणसभा चालु आवको पुस मसान्तमा कोष सञ्चालक समितिका अध्यक्ष प्रा.डा.सूर्यबहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको छ । सभाले आर्थिक वर्ष २०८०/८१ को आम्दानी बाँडफाँड हिसाब विवरणमा छुट्याएको प्रस्तावित सात प्रतिशत बोनस सेयर र ६ प्रतिशत नगद लाभांश (कर सहित) स्वीकृत गरेको हो ।

त्यसैगरी आ.व २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदनमाथि छलफल गरी पारित भएको छ । योसँगै लेखापरीक्षकको प्रतिवेदनसहितको २०८१ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरणमा छलफल गरी पारित भएको हो । सभामा कोष सञ्चालक समितिका अध्यक्ष प्रा.डा.थापाले कोषको कार्यक्रमहरूको थप प्रवर्द्धन गरी स्वरोजगार तथा वैदेशिक रोजगार मा रहेका नेपालीहरूलाई कोषको कार्यक्रममा समावेश गर्दै लगिने बताउनुभयो । कोषले पुँजी बजारमा समेत नेतृत्वदायी भूमिका खेलिरहेको मा सो कार्य आगामी दिनमा थप प्रभावकारी ढंगले बढाइने जानकारी दिनुभयो ।

संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) गरी मानव संसाधन विकासलाई प्राथमिकतामा राखिने समेत उहाँले बताउनुभयो । प्रा.डा.थापाले कोषमा विद्यमान सम्भावना तथा अवसर को उपयोग गर्दै समस्या एवं चुनौतीहरूलाई समाधान गरी लगानी व्यवस्थापन प्रभावकारी रूपमा बढाइरहेको धारणा राख्नुभयो ।

साधारणसभामा सेयरधनीहरूबाट उठाइएका जिज्ञाशाहरुको बारेमा अध्यक्ष प्रा.डा.थापा र को षका कार्यकारी निर्देशकले जवाफ दिनु भएको थियो ।

कार्यक्रममा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले कोषको वस्तुस्थिति बारे बताउँदै सेयरधनीहरूबाट उठाइएका जिज्ञासा तथा सुझावहरूको बारेमा विस्तृत रूपमा जानकारी गराउनुभयो । कोषले सूचना प्रविधिलाई थप चुस्त बनाउनेतर्फ काम गरिरहेको बताउँदै कृत्रिम बौद्धिकता (ए.आई) को प्रयोग सम्बन्धमा सम्भाव्यता अध्ययन गरिरहेको उहाँले बताउनुभयो ।

हाल आर्थिक तथा वित्तीय क्षेत्रमा शिथिलता देखिएको अवस्थामा समेत कोषले सेयरधनीलाई तुलनात्मक रूपमा राम्रो लाभांश दिन कोष सफल भएको कार्यकारी निर्देशक कार्कीले बताउनुभयो । साधारणसभामा कोषका कार्यकारी निर्देशक कार्कीले सभामा उठेका राय, सुझाव एवं जिज्ञासाको समाधान गर्नु भएको थियो । सेयर धनीहरूबाट प्राप्त सुझाव र प्रशंसाले अझ जिम्मे वारी बढाएको, अघिल्लो पटकको साधारणसभामा व्यवस्थापनबाट व्यक्त प्रतिबद्धतालाई कार्यान्वयनमा ल्याएको उहाँले बताउनुभयो ।

## कोषको अत्तरिया शाखा स्थानान्तरण

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोषको शाखा कार्यालय अत्तरिया धनगढीमा स्थानान्तरण भएको छ । कैलालीको गोदावरी नगरपालिका १, अत्तरीया, वनखेतबाट धनगढी उपमहानगरपालिका- १, पुष्पलालचोक स्थित कृषि विकास बैंकको सुदूर पश्चिम प्रादेशिक कार्यालय भवन परिसरमा कोषको शाखा कार्यालय स्थानान्तरण भएको हो । सोही स्थानबाट कोषले २०८१ माघ १ देखि सेवा सुरू गरिसकेको छ ।

## कोष सञ्चालकमा पन्थी



नियुक्त हुनु भएको छ । उहाँ आउनुअघि उक्त ठाउँमा महेश रिमाल हुनुहुन्थ्यो । उहाँ राष्ट्रिय जीवन बीमा कम्पनीको प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ । पन्थीले २०८१ माघ २४ गते बिहीबारबाट नागरिक

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोष सञ्चालक समिति सदस्यमा सुन्दर पन्थी लगानी कोष सञ्चालकको प्रतिनिधित्व गर्नु भएको हो ।

# नागरिक लगानी कोष र विभिन्न कम्पनीबीच सेयर प्रत्याभूति सम्झौता

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोष र विभिन्न कम्पनीबीच मिति २०८१ कात्तिकदेखि पुस मसान्तसम्म विभिन्न कम्पनीबीच सेयर प्रत्याभूति सम्झौता भएको छ ।




## कोष र जिआई सोलार

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोष र जिआई सोलार लिमिटेडबीच सेयर प्रत्याभूति सम्झौता भएको छ । सम्झौतामा कोषका कार्यकारी निर्देशक पवर्त कुमार कार्की र जिआई सोलारका कार्यकारी निर्देशक गणेश बहादुर ढुंगानाले मिति २०८१।०७।२५ गते आइतबार हस्ताक्षर गर्नु भएको हो ।

जिआई सोलारले प्रति सेयर एक सय रूपैयाँ दरका १३ लाख ६३ हजार ३ सय ६० कित्ता बापतको १३ करोड ६३ लाख ३६ हजार रूपैयाँ बराबरको सेयर निष्कासन गर्ने सम्बन्धमा कोषसँग प्रत्याभूति सम्झौता गरेको हो । सम्झौताको अवधि हस्ताक्षर भएको मितिले ६ महिनासम्म रहने छ ।



## कोष र आइएमइ लिमिटेड

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोष र आइएमई लिमिटेडबीच सेयर प्रत्याभूति गर्ने सम्झौता भएको छ । २०८१ पुस २ गते भएको सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र आइएमईका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडैलले हस्ताक्षर गर्नु भएको हो ।

आइएमईले प्रति सेयर एक सय रूपैयाँका दरले १२ लाख ५० हजार ६ सय ६७ कित्ता बापतको १२ करोड ५० लाख ६६ हजार सात सय रूपैयाँ बराबरको सेयर निष्कासन गर्ने सम्बन्धमा कोषसँग प्रत्याभूति सम्झौता गरेको हो । सम्झौताको अवधि हस्ताक्षर भएको मितिले ६ महिनासम्म रहने छ ।

## कोष र म्याग्दी हाइड्रोपावर



काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोष र म्याग्दी हाइड्रोपावर लिमिटेडबीच सेयर प्रत्याभूति गर्ने सम्झौता भएको छ । उक्त सम्झौता २०८१ पुस ७ गते भएको हो । सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र म्याग्दी हाइड्रोपावरका अध्यक्ष भरतप्रसाद नेपालले आइतबार हस्ताक्षर गर्नु भएको हो ।

म्याग्दी हाइड्रोले प्रति सेयर एक सय रूपैयाँका दरले ४७ लाख ४५ हजार कित्ता बापतको ४७ करोड ४५ लाख रूपैयाँ बराबर को सेयर निष्कासन गर्ने सम्बन्धमा कोषसँग प्रत्याभूति सम्झौता गरेको हो । सम्झौताको अवधि हस्ताक्षर भएको मितिले ६ महिनासम्म रहने छ ।

## कोष र लोअर इर्खुवा हाइड्रो

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोष र लोअर इर्खुवा हाइड्रो पावर कम्पनी लिमिटेडबीच सेयर प्रत्याभूति सम्झौता भएको छ । २०८१ ।०८।२३ गते भएको सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र इर्खुवा हाइड्रोका प्रबन्ध सञ्चालक बिश्वेश्वर सुवेदीले आइतबार हस्ताक्षर गर्नु भएको हो ।

इर्खुवा हाइड्रोले प्रति सेयर एक सय रूपैयाँका दरले २८ लाख ५ हजार ७ सय ५० कित्ता बापतको २८ करोड ५ लाख ७५ हजार रूपैयाँ बराबरको सेयर निष्कासन गर्ने सम्बन्धमा कोषसँग प्रत्याभूति सम्झौता गरेको हो । सम्झौताको अवधि हस्ताक्षर भएको मितिले ६ महिनासम्म रहने छ ।

## लगानी कोषको आवास कर्जाको सिलिङ परिमार्जन




काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोषले आवाश कर्जाको सिलिङ परिमार्जन गरेको छ । लगानी कोषमा पति र पत्नि दुवै सहभागी भएमा एक करोड पचास लाख रूपैयासम्म कर्जा सुविधा पाइने गरी कर्जा कार्यविधि संशोधन गरिएको हो । यो भन्दाअघि यस्तो कर्जाको सिलिङ एक करोड रूपैयाँ रहेको थियो ।

त्यसैगरी एक जना मात्रै सहभागी भएमा कोषले एक करोड रूपैयाँ कर्जा प्रदान गर्ने व्यवस्था गरेको छ । यो भन्दाअघि यस्को सिमा ८० लाख रूपैयाँ रहेको थियो । कोषले कर्जा कार्यविधि संसोधन गर्दै २० वर्ष बराबर को सुरु तलव स्केल अनुसार कर्जा प्रवाह गर्न सकिने व्यवस्था सुरु गरेको छ ।

यो सँगै कोषले सरल कर्जाको सिमा ५० लाख रूपैयाँ पुऱ्याएको छ । यो भन्दाअघि यस्को सिमा ३० लाख रूपैयाँ रहेको थियो । जग्गा खरिद कर्जा ७५ लाख पुगेको छ । यो भन्दाअघि यस्को सिमा ५० रूपैयाँ रहेको थियो । यो कर्जा कोषको सबै शाखाबाट लिन सकिन्छ ।

**नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !**
**अवकासपछिको जीवन सुरक्षित बनाऔं !!**

**कोषका अवकास योजना/कार्यक्रमहरू :**

- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष

**विस्तृत जानकारीका लागि :**
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

## कोष व्यवस्थापनबाट तिहारको शुभकामना

काठमाडौं (ना.ल.कोष) । तिहार को उपलक्ष्यमा कोष व्यवस्थापनले सम्पूर्ण कर्मचारीलाई शुभकामना प्रदान गऱ्यो । शुभकामना आदान प्रदान कार्यक्रममा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले दुई वटै युनियनका प्रतिनिधिहरूलाई संस्थाको बारेमा पहल गर्नु भएकोमा धन्याबाद दिदै संस्थाको बारेमा छलफल गर्दा समन्वय गर्न आग्रह गुर्नभयो ।

युनियनका प्रतिनिधिहरू व्यवस्थापनसँग जोडिएर रहनु पर्नेमा उहाँले जोड दिनुभयो । कोष कठिन अवस्थाबाट अघि बढिरहेको अवस्थामा कोषकै प्रकृतिका कार्य गर्ने संस्थाहरूमा व्यापार जान थालेका हुँदा यस्ता बिजनेशलाई रोकेर राख्ने कार्य चुनौतीपुर्ण रहेको उहाँको भनाइ थियो ।

ऐन,कानुनको लागि कोषका सबै कर्मचारी सम्वेदनशील हुनुपर्ने धारणा राख्दै उद्देश्य प्राप्तिको लागि सबैको सहयोग आवश्यक रहेकोमा उहाँले जोड दिनुभयो । अडिट रिर्पोटमा आउने कैफियतलाई हटाउनुपर्ने धारणा कार्यकारी निर्देशक कार्कीले राख्नुभयो ।

सो अवसरमा का.मु. नायव कार्यकारी निर्देशक शोभा श्रेष्ठ सुवेदी, का.मु.नायव कार्यकारी निर्देशक हेमन्त पोखरेले, का.मु निर्देशक नवराज खड्का, का.मु. निर्देशक रोशन जंग कार्की र नायव कार्यकारी निर्देशक छबिरमण अधिकारीलगायतका कर्मचारीको उपस्थिति रहेको थियो ।

कार्यक्रममा नागरिक लगानी कोष कर्मचारी युनियनका अध्यक्ष नेत्र विक्रम थापाले शुभकामनालगायतका कार्यक्रमलाई भोलिको दिनमा पनि निरन्तरता दिनु पर्ने धारणा राख्नुभयो । उहाँले कर्मचरीको आर्थिक पाटोको विषयमा धारणा राख्नु भएको थियो ।

त्यसैगरी, नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष अच्युतम पौडेलले पर्व विशेषमा व्यवस्थापनले यस्ता कार्यक्रम गर्दै जानु पर्ने धारणा राख्नुभयो । उहाँले संघको तर्फबाट सबै कर्मचारीलाई शुभकामना दिनुभयो ।

# नागरिक लगानी कोष

**कोषको वित्तीय अवस्था (अपरिष्कृत)**

**२०८१ पौष मसान्तसम्म**

## कोषको स्रोत (Sources of Fund)

रु. हजारमा

| विवरण | २०८१।८२ पौष मसान्त | २०८०।८१ पौष मसान्त |
|---|---|---|
| शेयर पुँजी | ६,४८१,७१२ | ५,३१३,७५० |
| **खुद कोष मौज्दात** | **२७३,७२०,७५१** | **२४०,५११,३३२** |
| क.ब.वृ. अवकाश कोष | १७९,१३०,९३५ | १५६,८९३,५४२ |
| नागरिक एकाङ्क योजना | १,९८१,६६८ | १,४९२,७०३ |
| उपदान कोष योजना | ५०,६५१,३३० | ३६,८५५,९३५ |
| लगानीकर्ता हिसाब | १०,४९४,४४५ | ९,४८३,८०२ |
| राष्ट्र सेवक कर्मचारीको बीमा कोष | ८,७८६,०५८ | ८,९५०,८७९ |
| नार्क बीमा कोष | १५४,१२२ | १४४,०४५ |
| नागरिक पेन्सन योजना | २९९,१०४ | २०४,९४८ |
| बीमाकोष दायित्व | २,८७५,९८३ | २,०६९,९८६ |
| **जगेडा कोष** | **२८,७०८,०५९** | **२४,४१५,४९३** |
| केन्द्रीय हिसाब | २,७९८,७८१ | २,३९२,९१५ |
| अन्य कोष र योजना | १६,५४८,३२५ | १६,९७१,११८ |
| उचित मूल्य कोष | ९,०२८,८९३ | ४,७१९,४०० |
| पुनः मूल्याङ्कन कोष | ३३२,०६० | ३३२,०६० |
| चालू दायित्व तथा व्यवस्था | ६,२५३,३०९ | १२,०२४,७८० |
| **जम्मा :** | **२८६,४५५,७७२** | **२५७,८४९,८६३** |

## कोषको उपयोग (Applications of Fund)

रु. हजारमा

| विवरण | २०८१।८२ पौष मसान्त | २०८०।८१ पौष मसान्त |
|---|---|---|
| खुद स्थिर सम्पत्ति | २,३०२,८७४ | २,३३२,८५६ |
| **लगानी** | **२६४,७७७,५३८** | **२३५,०५०,८२१** |
| नेपाल सरकारको ऋणपत्र | ५००,००० | ५००,००० |
| मुद्दती निक्षेप | १३८,१५५,९४९ | १२४,९७८,०९३ |
| समयकालीन कर्जा | २५,८०१,६८६ | २४,८९९,०४६ |
| सहायक कम्पनीमा लगानी | २,७२४,६७५ | २,५५०,००० |
| सहभागी सापटी तथा आवास कर्जा | ५४,९४७,०२१ | ५१,१७८,६५९ |
| ट्रेजरी बिल | ११,७५०,३१७ | - |
| सङ्गठित संस्थाको शेयर/धितोपत्र | ३०,८९७,८९० | ३०,९४५,०२३ |
| शेयर तथा धितोपत्रको उचित मूल्य समायोजन | ९,०२८,८९३ | ४,७१९,४०० |
| बैंक मौज्दात | ३,०२८,७४३ | २,०१४,७७० |
| चालू सम्पत्ति | ७,३१७,७२२ | १३,७३२,०१५ |
| **जम्मा :** | **२८६,४५५,७७२** | **२५७,८४९,८६३** |

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

# नागरिक लगानी कोष

**केन्द्रीय हिसाब**

**२०८१ श्रावण १ देखि २०८१ पौष मसान्त सम्मको**

**अपरिष्कृत आय/व्यय हिसाब**

रु. हजारमा

| विवरण | २०८१।८२ पौष मसान्त | २०८०।८१ पौष मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | १९३,३७१ | २२९,५५० |
| सेवा शुल्क तथा कमिसन आम्दानी | ८१०,१९६ | ६८४,८१७ |
| विविध आम्दानी | ३५,९६८ | १०,२१९ |
| **कुल आम्दानी** | **१,०३९,५३५** | **९२४,५८६** |
| व्यवस्थापन खर्च | १३८,३१७ | १२७,३०६ |
| खर्च व्यवस्था | ७०,३३५ | ६९,२७७ |
| **कुल खर्च** | **२०८,६५२** | **१९६,५८३** |
| कर अगाडिको खुद नाफा | ८३०,८८३ | ७२८,००३ |
| आय कर व्यवस्था | २०८,५९७ | १८२,००१ |
| **खुद नाफा** | **६२२,२८६** | **५४६,००२** |

## Particulars

**Financial Ratios & Other Information:**

| Overall | As on Poush 2081 | As on Poush 2080 |
|---|---|---|
| Return on Investment (ROI) | **6.65** | **9.10%** |
| Fund to Investment ratio | **96.73%** | **97.73%** |
| Weighted average cost of fund | **6.04%** | **7.80%** |
| *Central Account* | - | - |
| Net Worth (Rs. in '000) | **9,280,493** | **8,772,067** |
| Net Worth (Value per share) | **143.18** | **165.08** |
| Earning Per Share (in Rs.) - Annualized | **19.20** | **20.55** |

### १. वित्तीय विवरण

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

### २. व्यवस्थापकीय विश्लेषण

कोषले दीर्घकालीन प्रकृतिको कोष संकलन गर्ने भएको र सहभागीहरूको मासिक संकलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता ब्यवस्थापनमा सहजता छ । कोषको मुख्य आम्दानीको रूपमा कोषले संचालन गरेका योजनाहरूबाट प्राप्त सेवाशुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ । कोषले बन्दमुखी सामुहिक कोष योजना संचालन गर्ने प्रकृया अगाडि बढाएको छ । कोषको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पर्ने अवस्था रहेको छैन ।

### ३. कानूनी कारबाही सम्बन्धी विवरण

(क) नागरिक लगानी कोषले संचालन गरेको बिभिन्न अवकाश कोष मध्ये उपदान कोष र लगानीकर्ता हिसाब योजना अन्तर्गत बिभिन्न संगठित संस्थाले जम्मा गरेको उपदान कोष र लगानीकर्ता हिसाब रकमबाट सम्बन्धित संस्थाका कर्मचारीहरू अबकाश हुदाँ कोषले उपदान र लगानीकर्ता बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिदै आएकोमा सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एबं उच्च अदालतमा संगठित संस्थाका सेवानिबृत्त कर्मचारीहरूको उपदान वापत ५ प्रतिशत मात्र कर कट्टि गर्नु पर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई दायर गरिएको उक्त रिट निवेदनमा हाल उत्प्रेषण, परमादेश आदेश समेत जारि भई ठूला करदाताबाट बढि कट्टी गरिएको रकम प्राप्त भई सम्बन्धित वादीहरूलाई भुक्तानी भई रहेको ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनि ठुला करदाता कार्यलयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरीक राजश्व बिभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनको लागि निबेदन दिईएको र सो हाल विचाराधिन अबस्थामा रहेको ।

### ४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भईरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिममूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूलदिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| २२९९।०० | १९८०।०० | २०००।०० | ५५ | ६,८३,५२१ |

### ५. समस्या तथा चुनौती

कोषले प्रयोगमा ल्याईरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याईरहेको सफ्टवेयरसँग एकिकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पूँजीबजार तर्फको कारोबारमा प्रतिष्पर्धा, सरकारको जमानत माग गरिएको लगानी असुलीमा समस्या, कोषमा आवद्ध संस्था र सहभागिहरूलाई सामाजीक सुरक्षाकोषमा जानुपर्ने अवस्था श्रृजना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट संचालन गर्ने ब्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता वाह्य चुनौतीहरू रहेका छन् । यी चुनौतीहरू समाधानको लागि कोषले आफ्नो सफ्टवेरलाई नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको सफ्टवेयर "सुत्र" सँग एकिकरण गर्ने प्रक्रियामा रहेको, NCHL सबै कार्यक्रमहरूमा लागू गर्ने, कोषका सम्पूर्ण सेवाहरूलाई डिजिटलाईज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरूस्त बनाउन छुट्टै शाखा ब्यवस्था गरि कार्य गर्ने, सहभागिहरूलाई दिने प्रतिफल दरलाई उच्च बनाउन बढि प्रतिफल प्राप्त हुने सुरक्षित लगानीमा केन्द्रीत हुने रणनीति कोषले लिएको छ ।

### ६. संस्थागत सुशासन

कोषको शिर्ष निकायको रूपमा रहेको संचालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ । कोषले संचालन गर्ने योजना/कार्यक्रमहरूको संचालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणिकरण गर्ने संचालकको संयोजकत्वमा ट्रष्टि उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रष्टि उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियान्त्रण प्रणाली कायम गर्न संचालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ । संचालकको संयोजकत्वमा सम्पती शुद्धिकरण तथा आतङ्कबादी क्रियाकलापमा वितीय लगानी अनुगमन उप समिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरूको अर्धबार्षिक प्रतिवेदन समिति समक्ष पेश गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगा(नी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रकृया र मापदण्डको अधिनमा रही लगानी गर्ने गरिएको छ । सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधिनमा रहि गरिएको छ ।

### ७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

सुरक्षित भविष्यका लागि नागरिक लगानी कोषको
'कर्मचारी बचत वृद्धि अवकास कोष'मा सहभागी होऔं ।

यस कार्यक्रमका विशेषता :

- कार्यक्रममा निजामती कर्मचारी वा सरकारी/अर्धसरकारी वा प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी संगठित संस्थामा कार्यरत कर्मचारीहरु सहभागी हुन सक्ने ।
- कोषका सहभागीहरुलाई बचत गर्न सुरु गरेको दुई आर्थिक वर्ष (७३० दिन) पछि बचत रकमको ९० प्रतिशतसम्म सापटी सुविधा ।
- सहभागीहरुलाई निजी आवासीय घर निर्माण, घर खरिद, फ्ल्याट खरिदका लागि घरजग्गा धितोमा एक करोड रुपैयाँसम्मको आवास कर्जा तथा जग्गा खरिदका लागि पचहत्तर लाख रुपैयाँसम्मको कर्जा सुविधा ।
- श्रीमान्/श्रीमती दुवै कोषमा सहभागी भएमा एक करोड पचास लाख रुपैयाँसम्मको आवास कर्जा सुविधा ।
- सहभागीहरुलाई घर मर्मत/पुनर्संरचना/पुनर्तालिकीकरण र घर सजावटका लागि धितोमा अधिकतम पच्चीस लाख रुपैयाँसम्मको कर्जा सुविधा ।
- सहभागीहरुलाई आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका भइपरी आउने कार्यका लागि घरजग्गा धितोमा पचास लाख रुपैयाँसम्मको सरल कर्जा सुविधा ।
- सहभागीहरूको जम्मा बचत रकममा ब्याज र थप प्रतिफल पाइने ।
- सहभागी बचतकर्ताको दुर्घटना भई मृत्यु भएमा एक लाख रुपैयाँसम्मको विपद् सहुलियतको व्यवस्था ।
- आयकर नियमावली, २०५९ (पन्ध्रौं संशोधन) अनुसार वार्षिक पाँच लाख रुपैयाँ वा निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ, सो रकमसम्म कर छुट ।

विस्तृत जानकारीका लागि:
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

# शाखा कार्यालयहरूबाट कोषका विभिन्न योजनाको प्रवर्द्धनात्मक कार्यक्रम

काठमाडौं (ना.ल.कोष)- नागरिक लगानी कोषको शाखा कार्यालयहरूले विविध कार्यक्रम आयोजना गरेका छन् । सबै शाखा कार्यालयहरूले कोषको योजनाहरूको बारेमा जानकारी दिने कार्यलाई प्राथमिकतामा राख्दै आएका छन । शाखा कार्यालयहरूले मिति २०८१ कात्तिकदेखि पुस मसान्तसम्म विभिन्न क्षेत्रका सहभागीहरूलाई समेटेर कार्यक्रम गरेका हुन् ।

## पोखरा शाखा

काठमाडौं (ना.ल.कोष)- नागरिक लगानी कोषको शाखा कार्यालय पोखराले विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरेको छ । शाखाले शशस्त्र प्रहरी, शिक्षक, आम नागरिकलगायतका सबैलाई लक्षित गरी कोष सम्बन्धी जानकारी दिएको हो ।

शाखा कार्यालय पोखराले रत्न माध्यामिक विद्यालय मा पनि प्रशीक्षण दिएको छ। वैदेशिक रोजगारमा जानेलाई नागरिक पेन्सन सम्बन्धी कार्यक्रमबारे निरन्तरता दिदै आएको तथा सोसल मिडियाबाट पनि कोषले जानकारी दिदै आएको छ। तीन महिनाको अवधिमा १० भन्दा बढी कार्यक्रम गरिसकेको शाखा प्रमुख नवराज गौतमले बताउनुभयो ।







## विराटनगर शाखा

काठमाडौं (ना.ल.कोष)- नागरिक लगानी कोषको शाखा कार्यालय विराटनगरले कोषको विभिन्न योजनाहरूको बारेमा सहभागीहरूलाई जानकारी गराएको छ । शाखा कार्यालयले गत पुस ११ गते पूर्वान्चल विश्वविद्यालय गोठ गाउँमा उपदान तथा पेन्सन योजना सम्बन्धी कार्यक्रम गरेको थियो ।

योसँगै पुस १२ गते धरान उप महानगर पालिका धरान, सुनसरीमा कर्मचारी बचत वृद्धि अवकास कोष र नागरिक पेन्सन योजना सम्बन्धी कार्यक्रम गरेको हो ।

त्यसैगरी पुस ८ गते शाखा कार्यालयले ग्रामथान गाउँ पालिका मोरङमा कोषद्वारा सञ्चालित योजनाहरू सम्बन्धमा अन्तर्क्रिया गरेको शाखा प्रमुख तारानाट भट्टराईले बताउनुभयो ।

## बुटवल शाखा

काठमाडौं (ना.ल.कोष)- नागरिक लगानी कोषको शाखा कार्यालय बुटवलले नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलमा जानकारीमूलक कार्यक्रम गरेको छ ।

कोषले सञ्चालन गरेका कर्मचारी बचतवृद्धि अवकास कोषसँगै नागरिक पेन्सन योजनामा सहभागी भई लाभान्वित जानकारी गराएको शाखा प्रमुख रामेश्वर पुडासैनीले बताउनुभयो । सो अवसरमा इ-सर्भिस कसरी लिने तथा त्यहाँ आइपर्ने समस्या र समाधानको लागि गर्नुपर्ने प्रक्रियाको बारेमा जानकारी गराइएको थियो ।



## अत्तरिया शाखा

काठमाडौं (ना.ल.कोष)- नागरिक लगानी कोषको शाखा कार्यालय अत्तरिया (हाल धनगढी) ले कात्तिकदेखि पुस मसान्तसम्म २४५ सहभागीलाई कोष गतिविधिबारे जानकारी गराएको छ ।

शाखा कार्यालय अत्तरियाले गत कात्तिक २९ गते सशस्त्र प्रहरी बल बडिमालिका जवान तालिम शिक्षालय, कैलालीका ३० जना सहागीलाई तालिम प्रदान गरेको थियो ।

त्यसैगरी मंसिर १६ गते जिल्ला प्रशासन कार्यालय धनगढी, कैलालीमा ३५ जना र मंसिर १८ गते दुर्गा लक्ष्मी बहुमुखी क्याम्पस अत्तरियाबाट १२० जनालाई कोषको कार्यक्रमका बारेमा जानकारी गराइएको थियो । शाखा कार्यालयले गत पुस ७ गते जिल्ला प्रशासन कार्यालय, महेन्द्रनगर, कन्चनपुरमा ६० जना सहभागीलाई कोष सम्बन्धी गतिविधिबारे जानकारी गराएको शाखा प्रमुख हरिश्चन्द्र श्रेष्ठले बताउनुभयो ।






## सुर्खेत शाखा

काठमाडौं (ना.ल.कोष)- नागरिक लगानी कोषको शाखा कार्यालय सुर्खेतले विविध कार्यक्रम गरेको छ । जसअन्तर्गत कोषले सुर्खेत मोडल कलेजमा गत मंसिर २३ गते कोषको गतिविधिबारे जानकारी गराएको हो । उक्त कलेजको वि.वि.एस चौथो सेमेष्टरका करिब ८० जना विद्यार्थी सहभागी भएका थिए । योसँगै रेडियो नेपाल सुर्खेतले गत पुस १३ गते जनसरोकार कार्यक्रममार्फत कोषको उद्देश्य, कार्य तथा सुविधिाका बारेमा कार्यालय प्रमुख दिपेन्द्र सिंह अधिकारीले जानकारी गराएका थिए ।

## कोषका उपनिर्देशक पौडेलको अवकास

काठमाडौं (ना.ल.कोष) । उमेर हदका कारण कोषका उप निर्देशक सुमन पौडेलेले अनिवार्य अवकास प्राप्त गर्नु भएको छ । उहाँको अवकासमा कोषले विदाई कार्यक्रम आयोजना गरेको हो ।




विदाई कार्यक्रममा कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले विदाईको क्षण नरमाइलो हुने भन्दै कोषलाई नविर्सन आग्रह गर्नुभयो । अवकासपछिको जीवन सुखमय होस भन्दै उहाँले अवकासपछिको सक्रिय जीवनको कामना गर्नुभयो । संस्थाले कर्मचारीले गरेको कार्यको सधै सम्मान गर्ने भन्दै उहाँलाई शुभकामना दिनुभयो ।

## कोष कर्मचारीको पदोन्नति

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोषमा कार्यरत कर्मचारीहरूको पदोन्नति भएको छ । पदोन्नति हुनेहरूमा कोषका वरिष्ठ अधिकृत दिपेन्द्र सिंह अधिकारी उपनिर्देशकमा पदोन्नति हुनु भएको हो । पदोन्नति भएपछि अधिकारीलाई कोषको सुर्खेत शाखा प्रमुखको जिम्मेवारी दिइएको छ ।

त्यसैगरी वरिष्ठ सहायकबाट अधिकृत स्तर छैठौंमा अर्चना घिमिरे र शान्ता ढुंगाना आन्तरिक प्रतिस्पर्धाबाट पदोन्नति हुनु भएको हो । पदोन्नति पछि उहाँहरूलाई कोषको केन्द्रीय कार्यलयमा थप जिम्मेवारी दिएको छ । यो भन्दा अघि पनि उहाँहरू केन्द्रमै कार्यरत हुनुहुन्थ्यो ।

# पेन्सन योजनाबारे जनचेतनामूलक कार्यक्रम

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोषले नागरिक पेन्सन योजना तथा पुँजी बजार सम्बन्धी जनचेतनामूलक कार्यक्रम आयोजना गरेको छ ।

कोषले पुष्पलाल मेमोरियल कलेज चावहिलमा स्नातक तहमा अध्यनरत विद्यार्थीहरूलाई गत मंसिर ११ गते जनचेतनामूलक कार्यक्रम सम्बन्धी प्रशिक्षण दिएको हो ।




कोषका उप निर्देशक नारायणप्रसाद घिमिरेले कोषको बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो । उहाँले कोषले गर्दै आएको कार्य, कोषको अवस्था तथा पुँजी बजारमा लगानी गर्दा हुने फाइदाहरूको बारेमा जानकारी दिनु भएको थियो । सो अवसरमा कोषका का.मु. नायव कार्यकारी निर्देशक हेमन्त पोखरेल, का.मु निर्देशक नवराज खड्कालगायतका अन्य कर्मचारी सहभागी हुनुहुन्थ्यो । कार्यक्रमको सहजीकरण क्याम्पस प्रमुख शम्भु अधिकारीले गर्नुभएको थियो ।

# लगानी कोषका कर्मचारीलाई वैदेशिक तालिम

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोषले अधिकृत स्तरका कर्मचारीलाई बैंककमा पाँच दिने तालिम प्रदान गरेको छ ।Leadership Audience Nepal (LAN) ले आयोजना गरेको Global Trends in Leadership and Management सम्बन्धी बैंककमा आयोजित तालिममा कोषका कोषका वरिष्ठ अधिकृत हरिश्चन्द्र श्रेष्ठ, अधिकृतहरू सुनिल पौडेल, शिवप्रसाद उपाध्याय, अनिता थापा, भुपेन्द्र सिंह साउँद, र का.मु. अधिकृत कल्पना अर्याल सहभागी हुनुभएको थियो ।

तालिम २०८१।०७।०५ देखि २०८१।०७।०९ सम्म सञ्चालन भएको हो । तालिममा नेतृत्वमा बसेर कसरी काम गर्न सकिन्छ भन्ने र नेतृत्वसँगै सूचना प्रविधिको प्रयोग विश्वमा बढ्दै गएकोले कृत्रिम बौधिकता (ए.आई) जस्ता प्रविधि मैत्री हुनुपर्नेमा जोड दिइएको थियो ।

यसैगरी कोषले सहायक स्तरका कर्मचारीहरूलाई भारतमा तालिम प्रदान गरेको छ । मिति २०८१।०८।१६ देखि २१ सम्म प्रदान गरिएको Leadership and development of Soft Skills सम्बन्धी तालिममा कोषका वरिष्ठ कम्प्युटर अपरेटरद्वय प्रियंका हल्वाइ र मनमोहन मिश्र एवं वरिष्ठ सहायक रबिन विक र अच्युतम पौडेल सहभागी हुनु भएको थियो । कार्यक्रममा नेतृत्व विकास सम्बन्धी तालिम प्रदान गरिएको थियो ।





**नागरिक पेन्सन योजनामा सहभागी होऔं!**
**अवकाशपछिको जीवन सुरक्षित बनाऔं !!**

यस योजनाका मुख्य विशेषता:

- सबै नेपाली नागरिक सहभागी हुन सक्ने ।
- गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकसमेत सहभागी हुन सक्ने ।
- न्यूनतम मासिक पाँच सय रुपैयाँ जम्मा गरेर योजनामा सहभागी हुन सकिने । आफ्नो क्षमतानुसार १० ले भाग जाने जतिसुकै रकम पनि जम्मा गर्न सकिने ।
- जम्मा भएको रकममा आकर्षक ब्याज/प्रतिफल पाइने । यसका अतिरिक्त अन्य सुविधासमेत भएको ।
- साठी वर्ष उमेर पूरा भएपछि मासिक रूपमा नियमानुसार पेन्सन लिन सकिने । पेन्सन लिन नचाहेमा योजनामा सहभागी भएको निश्चित समयपछि एकमुष्ट रकम फिर्ता भुक्तानी लिन सकिने ।

विस्तृत जानकारीका लागि :
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१-५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

# कोषको नाफा ६२ करोड २२ लाख

काठमाडौं (ना.ल.कोष) । नागरिक लगानी कोषले केन्द्रीय हिसाबतर्फ चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा ६२ करोड २२ लाख रूपैयाँ नाफा आर्जन गरेको छ । गत वर्षको यही अवधिमा कोषको खुद नाफा ५४ करोड ६० लाख रूपैयाँ थियो ।

त्यसैगरी चालु आवको पुस मसान्तसम्म कोषले २ खर्ब ६४ अर्ब ७७ करोड लगानी गरेको छ । अघिल्लो वर्षको पुस मसान्तसम्म कोषको लगानी २ खर्ब ३५ अर्ब ५ करोड रूपैयाँ रहेको थियो । चालु आर्थिक वर्षको पुस मसान्तसम्म कोषले मुद्धती निक्षेपमा ५२ दशमलव १८ प्रतिशत लगानी गरेको छ ।

योसँगै कोषले नेपाल सरकारको ऋणपत्रमा ०.१९ प्रतिशत, समयकालीन कर्जामा ९.७४, सहायक कम्पनीमा १.०३, सहभागी सापटी तथा आवास कर्जामा २०.७५, ट्रेजरी बिलमा ४.४४, संगठित संस्थाको सेयर/धितोपत्रमा ११.६७ प्रतिशत लगानी गरेको छ ।

चालु आर्थिक वर्षको असोज मसान्तसम्म कोषको लगानी २ खर्ब ५० अर्ब रूपैयाँ रहेकोमा पुस मसान्तसम्म आइपुग्दा यो २ खर्ब ६४ अर्ब पुगेको हो ।

नागरिक लगानी कोषको अनुसन्धान तथा बजार विकास महाशाखाद्वारा प्रकाशित । प्रमुख संरक्षक : पर्वत कुमार कार्की, संरक्षक: शोभा श्रेष्ठ सुवेदी, हेमन्त पोखरेल, नवराज खड्का, रोशन जंग कार्की, छबिरमण अधिकारी, सल्लाहकार : नारायण प्रसाद घिमिरे, हिरामणि खतिवडा, सम्पादक: उद्धव सिलवाल । डिजाइन/मुद्रण: इमेज सेटर प्रा. लि.